आज मिति २०७६ साल  फागुन १९ गतेका दिन भगवतीमाई गाउँपालिकाका अध्यक्ष श्री दानबहादुर थापा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको ६४ औं बैठक बसी देहाय वमोजिम निर्णय गरियो ।

स्थान : गाउँ कार्यपालिकाको कार्यालय

बैठक प्रारम्भ : विहान ८:०० बजे  बैठक अन्त्य : विहान १० :०० बजे

| नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| श्री दानबहादुर थापा | अध्यक्ष | भगवतीमाई गा.पा. | |
| श्री चन्द्रा रेग्मी | उपाध्यक्ष | भगवतीमाई गा.पा. | |
| श्री मानबहादुर बुढा | वडा अध्यक्ष | भगवतीमाई १ | |
| श्री कर्ण बहादुर शाही | वडा अध्यक्ष | भगवतीमाई २ | |
| श्री दानबहादुर खड्का | वडा अध्यक्ष | भगवतीमाई ३ | |
| श्री कृष्णबहादुर थापा | वडा अध्यक्ष | भगवतीमाई ४ | |
| श्री कृष्णबहादुर शाही | वडा अध्यक्ष | भगवतीमाई ५ | |
| श्री बीरशंकर रोकाय | वडा अध्यक्ष | भगवतीमाई ६ | |
| श्री रत्नबहादुर शाही | वडा अध्यक्ष | भगवतीमाई ७ | |
| श्री सेतु खड्का | कार्यपालिका सदस्य | भगवतीमाई ३ | |
| श्री पबित्रा नेपाली | कार्यपालिका सदस्य | भगवतीमाई २ | |
| श्री कल्पना मगर | कार्यपालिका सदस्य | भगवतीमाई ५ | |
| श्री मानबहादुर दमाई | कार्यपालिका सदस्य | भगवतीमाई ६ | |
| श्री डम्बरबहादुर कामी | कार्यपालिका सदस्य | भगवतीमाई ७ | |
| श्री बखतबहादुर खड्का | सचिव | भगवतीमाई गा.पा. | |

**आमन्त्रित :**

| | | | |
|---|---|---|---|
| श्री प्रेमबहादुर खड्का | . | भगवतीमाई गा.पा. | |
| श्री प्रकाशचन्द्र थापा | जलस्रोत अधिकृत | भगवतीमाई गा.पा. | |

## **प्रस्तावहरु**

**प्रस्ताव नं. १** : नवीकरणी उर्जा कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं २** : दैविक प्रकोप तथा विपद्बाट पिडितहरुलाई राहत वितरण सम्वन्धमा ।

**प्रस्ताव नं ३** : मध्यपहाडी लोकमार्ग सम्वन्धमा ।

**प्रस्ताव नं ४** : नारी दिवस सम्वन्धमा ।

**प्रस्ताव नं ५** : प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

**प्रस्ताव नं ६** : तटबन्धन सम्वन्धमा ।

**प्रस्ताव नं ७** : सिंचाई पोखरी निर्माण सम्वन्धमा ।

**प्रस्ताव नं ८** : औधोगिक ग्राम स्थापनाको लागि स्थान छनौट गर्ने सम्वन्धमा ।

**निर्णय नं १ :**

यस भगवतीमाईको आ व २०७६।०७७ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार नवीकरणीय उर्जा प्रविधिहरु (लघु तथा साना जलविधुत, सौर्य उर्जा, वायोग्यास, वायोमास उर्जाको परिप्रयोग) मार्फत उर्जा उत्पादन र परिप्रयोग शिर्षकको रकमबाट वडा नं ६ मा सुधारिएको चुल्हो निर्माण गर्ने ।

**निर्णय नं २ :**

यस गाउँपालिका अन्तर्गत विभिन्न वडाबाट दैविक प्रकोप तथा विपद्बाट धनजनको क्षति भई पिडित घरपरिवारले राहतको लागि निवेदन उपर विपद् व्यवस्थापन समितिको बैठक बसी राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन विपद् व्यवस्थापन समितिलाई निर्देशन गर्ने ।

**निर्णय नं ३ :**

यस गाउँपालिका अन्तर्गत निर्माणाधिन मध्यपहाडी राजमार्गको विभिन्न खण्डमा निर्माण कार्य अपुरो देखिएको हुँदा यस गाउँपालिका अन्तर्गत रहेको मध्यपहाडी

राजमार्गको अपुरो निर्माण कार्यलाई पुर्णता दिनको लागि मध्यपहाडी लोकमार्ग सम्पर्क कार्यालय दैलेखमा पत्राचार गर्ने ।

**निर्णय नं ४ :**

अन्तराष्ट्रिय नारी दिवस २०७६ लाई भव्यताका साथ मनाउन आवश्यक कार्यक्रम तय गर्न आर्थिक तथा सामाजिक विकास शाखालाई निर्देशन गर्ने । सो को लागि विविध कार्यक्रम शिर्षकबाट खर्च गर्ने गरी रु ३०००० रकम विनियोजन गर्ने ।

**निर्णय नं ५**

यस गाउँपालिका अन्तर्गत कार्यान्वयन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्राथमिकीकरण भई आएका तपसिलका आयोजनाहरुको लागि प्राप्त अनुदान देहाय बमोजिम विनियोजन गरी कार्यान्वयन गर्ने ।

| क्र सं | आयोजनाको नाम | स्थान | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ढकार देखी चिपिन सडक निर्माण | वडा नं ६ चिपिन | १००००००। | |
| २ | दाडिम देखी माईकाथान धारा कृषि सडक निर्माण | वडा नं ५ कट्टी | ९८२०००। | |
| ३ | तिजु चौतारा देखी सिंडार सडक स्तरोन्नती | वडा नं २ रुम | १००००००। | |
| ४ | भर्सुली ठाँटा सडक निर्माण | वडा नं ३ मेहेलतोली | ८०००००। | |
| ५ | सुयाडा मध्यपहाडी देखी मालिका मन्दिर सडक निर्माण | वडा नं ४ जगनाथ | १००००००। | |
| | | जम्मा | ४७८२०००। | |

**निर्णय नं ६ :**

यस भगवतीमाई गाउँपालिका वडा नं ७ मजाउमा खोलाले जग्गा कटान गरी क्षति गरेको हुँदा उक्त स्थानमा तटवन्धनको लागि कर्णाली प्रदेश सरकार समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :**

कर्णाली प्रदेश सरकारबाट यस भगवतीमाई गाउँपालिकालाई अर्गानिक गाउँपालिका घोषणा गरिएको हुँदा यस गाउँपालिकाका विभिन्न स्थानमा सिंचाई पोखरी निर्माण गर्नको लागि प्रदेश सरकारसँग आयोजना प्रस्ताव पेश गर्ने ।

| क्र स | आयोजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १ | खागल सिंचाई पोखरी निर्माण | वडा नं १ | |
| २ | ढाँणगाउँ संचाई पोखरी निर्माण | वडा नं २ | |
| ३ | रातामाटा सिंचाई पोखरी निर्माण | वडा नं ३ | |
| ४ | दोबाटा सिंचाई पोखरी निर्माण | वडा नं ४ | |
| ५ | मेलीडाँडा सिंचाई पोखरी निर्माण | वडा नं ५ | |
| ६ | कट्टी भुवाल्न सिंचाई पोखरी निर्माण | वडा नं ६ | |
| ७ | सूर्यपानी सिंचाई पोखरी निर्माण | वडा नं ७ | |

**निर्णय नं ८ :**

नेपाल सरकारको एक स्थानीय तह एक औधोगिक ग्राम स्थापना गर्ने निर्णय बमोजिम यस भगवतीमाई गाउँपालिकामा औधोगिक ग्राम स्थापनाको लागि भगवतीमाई गाउँपालिका वडा नं ५ को छल्पन्न र वडा नं ७ को खालीडाँडा सिफारिस गरी पठाउने निर्णय गरियो ।